# रिलायन्स फाइनान्स लिमिटेडको तेह्रौं बार्षिक साधारण सभा बस्ने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०३/०९)

शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०८०/०३/०८ गते बसेको संचालक समितिको ३०६ औं बैठकको निर्णयानुसार यस रिलायन्स फाइनान्स लि. को तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति समय र स्थानः**

मिति : २०८० साल असार महिना ३१ गते (तदनुसार १६ जुलाई, २०२३)

स्थान : स्मार्ट दरवार व्यांक्वेट, धुम्बाराही, काठमाण्डौ ।

समय : दिनको ११:०० बजे ।

**(क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७८/०७९ को तेह्रौं वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०७८/७९ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७९/८० को लेखापरीक्षण गर्नका लागि लेखापरिक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे । (साविकका लेखापरिक्षक श्री सुन्दर एण्ड कम्पनी पुनः नियुक्त गर्न योग्य हुनुहुन्छ ।)

४. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७८/०७९ मा भएको मुनाफाबाट कुल चुक्ता पूँजी रु.१,०५,३०,०६,३१९/- (अक्षरेपी एक अर्ब पाँच करोड तिस लाख छ हजार तिन सय उन्नाईस) को ६.५० प्रतिशतका दरले हुने रु.६,८४,४५,४११/- (अक्षरेपी छ करोड चौरासी लाख पैतालिस हजार चार सय एघार मात्र) बराबरको बोनश शेयर वितरण गरिने हुँदां सोको कर प्रयोजनार्थ नगद लाभाँश चुक्ता पूंजींको ०.३४ प्रतिशतले हुने रु.३६,०२,३९०/- (अक्षरेपी छत्तिस लाख दुई हजार तिन सय नब्बे मात्र) नगद लांभाश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. सञ्चालक समितिमा संस्थापकको तर्फ बाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ३ जना र सर्वसाधारण शेयरधनीहरुको समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ३ जनाको निर्वाचन गर्ने ।

६. विविध ।

**(ख) विशेष प्रस्तावहरुः**

१. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७८/०७९ मा भएको मुनाफाबाट कुल चुक्ता पूँजी रु.१,०५,३०,०६,३१९/- (अक्षरेपी एक अर्ब पाँच करोड तिस लाख छ हजार तिन सय उन्नाईस) को ६.५० प्रतिशतका दरले हुने रु.६,८४,४५,४११/- (अक्षरेपी छ करोड चौरासी लाख पैतालिस हजार चार सय एघार मात्र) बराबरको बोनश शेयर वितरण गर्ने र सो बापत कर प्रयोजनार्थ नगद लाभाँस चुक्ता पूंजींको ०.३४ प्रतिशतले हुने रु.३६,०२,३९०/- (अक्षरेपी छत्तिस लाख दुई हजार तिन सय नब्बे मात्र) गरि जम्मा लांभाश रकम चुक्ता पूंजींको ६.८४ प्रतिशतले हुने रु.७,२०,४७,८०१/- (अक्षरेपी सात करोड विस लाख सतचालिस हजार आठ सय एक) वितरण गर्ने प्रस्ताव पारित गर्ने तथा बोनश शेयर वितरण गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताब स्विकृत गर्ने ।

२. संस्थाको तेह्रौं वार्षिक साधारण सभाको निर्णय बमोजिम जारि गरेको ६.५० प्रतिशत बोनश शेयर प्रदान गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी तथा जारी पूँजी रु.१,१२,१४,५१,७३०/- (अक्षरेपी एक अर्ब बाह्र करोड चौधलाख एकाउन्न हजार सात सय तिस मात्र) कायम हुने भएकोले संस्थाको प्रबन्धपत्र संशोधन गरि संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र तद्अनुरुप हुने गरि संस्थाको प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन, परिमार्जन र थप गर्ने ।

३. काठमाण्डौ का.म.न.पा. वडा नं. २८ प्रर्दशनीमार्गमा संस्थाले केन्द्रीय कार्यालय संचालन गरि आएकोमा संस्थाको केन्द्रीय कार्यालय राख्ने प्रयोजनका लागि का.जि.का.म.न.पा. वडा नं. १ कमलादीमा संस्था आफैले घर जग्गा खरिद गरेको हुँदा उक्त घरमा संस्थाको केन्द्रीय कार्यालय सार्ने भएकोले नेपाल राष्ट्र बैंकको स्वीकृती लिई संस्थाको प्रबन्धपत्र/नियमावलीमा संस्थाको केन्द्रीय कार्यालयको ठेगाना संशोधन गर्नुपर्ने भएकोले तद्अनुरुप हुने गरि प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न प्रस्ताब गरेका छौ ।

४. सञ्चालकले पाउने पत्र पत्रिका तथा सञ्चार सुविधा वृद्धि गर्ने सम्वन्धमा ।

५. यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति वा विलय गर्न, DDA गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

६. प्रबन्धपत्र नियमावली संशोधनमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन, थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभा प्रयोजनार्थ २०८०/०३/२० गते एक दिन यस संस्थाको शेयरधनी दर्ता किताब बन्द रहने जानकारी गराउंदछौ । साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/०३/१९ सम्म कारोबार भई सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भई यस संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्न सक्नेछन् ।

२. साधारण सभाको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुले आ.ब.२०७८/०७९ को वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन संस्थाको केन्द्रीय कार्यालय वा शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि. कमलपोखरीबाट प्राप्त गर्न सक्नु हुनेछ । साथै उक्त प्रतिवेदन कम्पनीको वेवसाईट www.reliancenepal.com.np मा हेर्न वा डाउनलोड गर्न सक्नुहुनेछ ।

३. सम्पूर्ण शेयरधनी महानुभावहरुले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम सभा शुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै संस्थाको प्रदर्शनीमार्ग स्थित संस्थाको केन्द्रीय कार्यालयमा भौतिक वा ईमेल मार्फत दर्ता गराई सक्नु पर्नेछ । प्रतिनीधि (प्रोक्सी) नियुक्त गरिएको ब्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आबश्यक छ ।

५. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा कम्तीमा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनुपर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

८. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा आफनो नाममा रहेको सम्पूर्ण शेयरको प्रोक्सी एक ब्यक्तिलाई मात्र तोक्न सक्ने छ । एक प्रतिनिधि फाराममा एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि प्रोक्सी नियुक्ति गरिएमा त्यस्तो नियुक्ति बदर हुने छ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) फाराम मार्फत एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता प्रदान गरिने छ । प्रतिनिधि नियुक्त गरी सकेपछि शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेको अवस्थामा निजले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

९. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संस्थाको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले मात्र सभामा भाग लिन मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् ।

१०. संचालक निर्वाचन सम्बन्धी विवरण, निर्वाचन तालिका, संचालकको योग्यता सम्बन्धी विववरणहरु यस रिलायन्स फाइनान्स लिमिटेडको केन्द्रीय कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा टाँस गरिनेछ ।

११. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा संचालक समिति तथा संचालक समितिबाट आदेश पाएका व्यक्तिले जवाफ दिन सक्ने छन् ।

१२. अन्य जानकारीको लागि रिलायन्स फाइनान्स लिमिटेडको केन्द्रीय कार्यालय, प्रदर्शनी मार्ग काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

**RELIANCE FINANCE LIMITED**

**रिलायन्स फाइनान्स लिमिटेड**

**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu. Tel: 01-5361104, 5323117 , 5361041, 5361167

*info@reliancenepal.com.np* | *www.reliancenepal.com.np*

वित्तीय सेवाको अर्को परिभाषा